**पुनश्चः थप जानकारीका लागि कार्यालय समयभित्र टेलिफोन ०८७–५५०००४५ मा सम्पर्क गर्नुहोला ।**

**Bhairabi Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Bhairikalikathum, Dailekh**

**Karnali Province, Nepal**

**Invitation for Bids for Road Track Opening**

**First Date of Publication: 2078/09/21 (January 5, 2022)**

1. Bhairabi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the construction of below listed **Road Track Opening** under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of the Bhairabi Rural Municipality, Bhairikalikathum, Dailekh Karnali Province Nepal. The contact number is **9858068668, email: bhairabirm@gmail.com** or may visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder may download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,**. Bidders should deposit the cost (as specified below) of bidding document in the account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank is:
   Name of the Bank : **Civil Bank Limited** Account No. : **06610182906098**
   Name of Office : **Rajaswa (Internal Revenue)**
4. Electronic bids must be submitted to the office of the Bhairabi Rural Municipality through PPMO website **www.bolpatra.gov.np/egp** on or before **12:00 PM on 2078/10/21.** Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **at 2:00 Pm on 2078/10/21** at the office of Bhairabi Rural Municipality. Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by scanned copy of the bid security in pdf format, amounting to a minimum of following amount, which shall be valid for **30 days** beyond the validity period of the bid. For those who deposit security amount in cash, information to deposit the cost of bid security in bank is:
   Name of the Bank : **Civil Bank Limited** Account No. : **06610182906047**
   Name of Office : **Sthaniya Taha Dharauti Account**
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The name and identification of the contract are as follows:

| S.N. | Name of Contract | Contract No. | Estimated Amount with VAT and PS | Min. bid security amount | Bid Document fee |
|---|---|---|---|---|---|
| 1. | Construction of Kusapani-Timurkharka-Gairasaru-Kandeni-Mahabu Road | BRM/NCB/WORKS/2078/079-01 | Rs. 1,00,00,136 | Rs. 2,50,000 | Rs. 3000 |
| 2. | Construction of Khambagade-Purikabadi-Bhairabsthan-Masiyar-Kuti-Mahabu Road | BRM/NCB/WORKS/2078/079-02 | Rs. 92,00,149 | Rs. 2,30,000 | Rs. 3000 |

Chief Administrative Officer

**एच.आर.वल्ड सर्भिस प्रा.लि.को अत्यन्त जरुरी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **एच.आर.वल्ड सर्भिस प्रा. लि. (श्रम इजाजत पत्र नं. १४९३/०७४/७५)**को नाम लिएर यूएई मा अनधिकृत व्यक्ति अशिस अग्रवाल भन्ने व्यक्ति जो यस प्रा.लि सँग विगत २ बर्षबाट कुनैपनि व्यक्तिगत तथा प्रा.लीसँग अफिसियल सम्बन्धमा नरहेको र यस प्रा.लि.को नामबाट Email id (md.hrworldservice@gmail.com) बाट विभिन्न कम्पनी र व्यक्तिहरुलाई ईमेल गरेको बुझिन आएको र यो ईमेल आइडी यस प्रा.लीको नभएकोले यस प्रा.लि.को गम्भिर ध्यानआकषर्ण भएको छ । र यस प्रा.लि.को नाम लिई कोही कसैले सो सँग सम्बन्धित कार्य नगर्न नगराउन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिन्छ यो सुचनालाई वेवास्था गरी आर्थिक र अन्य कारोवार गरे गराएमा यस प्रा.लि.जिम्मेवार नहुनेसमेत सबैमा सुचित गरिन्छ ।

श्रम इजाजत पत्र नं.: १४९३/०७४/०७५
**H.R. WORLD SERVICE PVT.LTD.**
Old Baneshwr-9 Kathmandu | Contact No:4465793

**बीमालेख हरायो**

यस कम्पनीबाट जारी भएको तपशिल बमोजिमको बीमालेख हराएको हुनाले, सो बीमालेख उपर कसैको हकदावी भए स-प्रमाण कम्पनीको प्रधान कार्यालय वा शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ । अन्यथा बीमा ऐन बमोजिम भइजाने व्यहोरा जानकारी गराइन्छ ।

**नामः श्री कृष्ण खड्का**
**बीमालेख नं.: ३०६०००१३४**
**सम्पर्क नं.:९८२३८४७००**

**महालक्ष्मी लाइफ इन्स्यारेन्स लि.**
शाखा कार्यालय, चाबहिल
फोन नं. : ४४७४४९९, ९८५१०९१११९

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालयः ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्सः +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागिः FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
पेप्सीकोला शाखा, काठमाडौं महानगरपालिका, काठमाडौं
सम्पर्क फोनः ९७७-०१-५१५६३०८/०९/१०
NIC ASIA
एन आई सी एशिया बैंक लि.

**निक्षेप रकम उपर हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सूचना**

लिखितम श्री कुल बहादुर थापाको नातिनी, चन्द्र बहादुर थापाको छोरी, वाग्मती प्रदेश सिन्धुपाल्चोक जिल्ला, फुल्पिङकट्टी गा.वि.स वडा नं. ०७ हाल पेप्सीकोला ३२ बस्ने ६८ वर्षको श्रीमती सुसिला खड्काको मिति २०७८/०५/१७ (ई.सं. ०२/०९/२०२१) मा मृत्यु भएकोले स्व. सुसिला खड्काको भाई हाल पेप्सीकोला ३२ बस्ने श्री रामकाजी थापाले मृतकको एकल नाममा यस बैंकमा सञ्चालनमा रहेको खाताको निक्षेप भुक्तानी पाऊँ भनी निवेदन दिनुभएको हुँदा उक्त निक्षेपमा निजबाहेक अन्य कसै को हकदाबी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र सबुत प्रमाण सहित यस बैंकको पेप्सीकोलामा शाखा, काठमाडौं महानगरपालिकामा दाबी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्यादभित्र कुनै निवेदन प्राप्त नभएमा वा रित पूर्वकको निवेदन प्राप्त नभएमा कानून बमोजिम रकम भुक्तानी हुने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यसै सूचना मार्फत जानकारी गराईन्छ ।

बैंक पनि साथी पनि
राम्रो पनि हाम्रो पनि

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

तेस्रो पटक प्रकाशित मिति २०७८/०९/२१
यस कम्पनीको मिति २०७८/०७/२६ मा सम्पन्न विशेष साभारण सभाको निर्णय बमोजिम साविक कम्पनी **जय नवदुर्गा बिल्डर्स प्रा.लि. (प्रा.लि. नं. २५६५२१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०८/०७ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **जय नवदुर्गा बिल्डर्स एण्ड कन्सल्टेन्ट प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।
Hilton Academy Pvt.Ltd. A great place for career
कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation
विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।
नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM)
पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं
सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय

# न्यायको संघर्ष

नेपालगञ्जकी निर्मला कुर्मीको अपहरण, शरीर बन्धक र हत्या आरोपितलाई कारबाहीको माग गर्दै लगातार आन्दोलनरत रूबी खान नेतृत्वको टोली र सरकारबीच मंगलबार अर्को सहमति भएको छ । खान नेतृत्वको टोली आमरण अनुशनमा बसेपछि गृह मन्त्रालयका अधिकारीहरूले वार्ताको आग्रह गरेका थिए । ४१ दिनदेखि धर्नामा बस्दा पनि सरकारले दोषीलाई कार्बाही गर्न नसकेको भन्दै खान नेतृत्वको टोली आमरण अनशनमा बसेको थियो । तर गृह मन्त्रालयका अधिकारीहरूले छानबिन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने र घटनाको थप अनुसन्धान गर्न केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी) को टोली परिचालित गर्ने सहमति भएको छ । सहमतिपछि आमरण अनशन तोडिने भएको छ । खान नेतृत्वको टोलीले दोस्रोपटक राजधानीको माइतीघर मण्डलामा अनशन शुरू गरेका थिए ।

यसअघि खान नेतृत्वको टोली नेपालगञ्जबाट पैदल हिडेर काठमाडौं आएको थियो । मानव अधिकार मञ्च बाँकेका अध्यक्ष रहेकी खान नेतृत्वको टोलीले कठोर पैदल यात्रापछि माइतीघर मण्डलामा धर्ना दिएको थियो । पैदल यात्रा र धर्नापछि सरकारले छानबिन समिति गठन गरेको थियो । गृह मन्त्रालयका उपसचिवको नेतृत्वमा गठित छानबिन समितिले गृहमन्त्री बालकृष्ण खाँणलाई प्रतिवेदन पनि बुझायो । प्रतिवेदनमा निर्मला कुर्मीको सम्पत्ति हडप्न नेपाली काँग्रेसकै नेता एवम् पूर्व सांसद बादशाह कर्मी लगायत संलग्न रहेको प्रतिवेदन बुझाएको थियो । तर उक्त प्रतिवेदनले दोषी ठहऱ्याएका आरोपितलाई कार्बाही नगरिएको भन्दै खानले धर्ना र आमरण अनशन थालिन् ।

४० दिनपछि छानबिन समितिको प्रतिवेदनअनुसार, कार्बाही हुने सहमति जुटेको छ । तर ढुक्क हुने अवस्था देखिदैन । किनकि सरकार न्यायको शासन अनुभूति दिलाउन प्रतिबद्ध रहेको भए यति लामो संघर्ष र आन्दोलनकै आवश्यकता पर्ने थिएन । जिल्लास्तरमा निर्मला अपहरण, शरीर बन्धक र हत्यामा संलग्नलाई कार्बाहीको माग सहित प्रदर्शन नै भएको थियो । तर सरकारले आरोपितलाई कानूनको कठघरामा उभ्याउन सकेन । त्यसैले रूबी खान नेतृत्व नेतृत्वको महिलाहरू न्यायको लडाइँ नेपालगञ्ज–काठमाडौं पैदल मार्च, धर्ना र आमरण अनशनको साहरा लिनुपरेको छ । यसो पनि भन्न सकिन्छ– नागरिकले न्याय पाउन मुलुकमा सजिलो छैन । केही प्रतिनिधि घटनामा राज्यले पीडितलाई न्याय दिन नसकेको उदाहरण पनि हो– निर्मला कुर्मी प्रकरण ।

# स्वस्थ्य जीवनका सूत्र

शरीरलाई सुन्दर, आकर्षक र निरोगी राख्ने जहिले पनि सकारात्मक सोच राख्नुपर्छ । दुनियामा सबै दृश्यहरु नराम्रा छैनन् र सबै राम्रा पनि छैनन् । युवा जोस् अनि उत्साह र जाँगरलाई उत्पादनशील कार्यमा प्रयोग गरिनुपर्छ ।

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल, 'चिन्तन'

हामीले शरीरलाई सुन्दर, आकर्षक र निरोगी राख्ने जहिले पनि सकारात्मक सोच राख्नुपर्छ । दुनियामा सबै दृश्यहरु नराम्रा छैनन् र सबै राम्रा पनि छैनन् । युवा जोस् अनि उत्साह र जाँगरलाई उत्पादनशील कार्यमा प्रयोग गरिनुपर्छ । उत्साह नयाँ उमंग, नवीनतम ऊर्जालाई त्यसै खेर जान दिनु हुँदैन । आफ्नो वातावरणमा मिल्न सक्ने नयाँ ऊर्जालाई आफूतिर खिच्न प्रयत्न गर्नुपर्छ । फुर्सदको समय अतिरिक्त क्रियाकलाप, अध्ययन, लेखन, गीत, संगीत, खेलकूद, असल साथीहरुसँगको कुराकानी, घूमफिर, समाज सेवा, ध्यान, योग, जप, पाठ, पूजा, सत्संगतिर लगाउँदा सकारात्मक ऊर्जा प्राप्ति हुन्छ ।

बजारमा देखिएका सबै कुरा खान योग्य नहुन सक्छन् । सकेसम्म खाना, खाजाका परिकारहरु घरमै बनाएर खाएको राम्रो हुन्छ । विदेशमा हामी देख्न सक्छौं, त्यहाँ जतातत सफा हुन्छ, त्यहाँका होटल, रेष्टुराँ, फूड्कोट, बजारिया सामान पनि त्यति खराब हुँदैनन् । घरमा मानिसहरुलाई खाना पकाउने, किनमेल गर्ने, भाँडा सफा गर्ने फूर्सद हुँदैन, धेरै मानिसहरु बाहिरै खाने गर्छन् । खाना, खाजा तयार गरुञ्जेलको समय आय आर्जनतिर लगाउँछन् ।



खानामा बढी चिल्लो बढी पिरो, धेरै मसलेदार अनि सधैँ मांसाहार राम्रो हुँदैन । खानामा प्रोटिनयुक्त, दाल, गेडागुडी, फलफूल, सागपात, रेशायुक्त खाना, दूध र यसका परिकार भनौं शाकाहारी खानाले शरीर दीर्घजीवी हुन्छ । खाना खाँदा वा खानु अघि वा पछि धेरै पानी पिउनु राम्रो हुन्न । पानी प्रशस्त पिउनु पर्छ तर, अन्य बेलामा । बिहानीको बेला सँधै उमालेको मन तातो पानी न्यूनतम २ गिलास पिउनु पर्छ । दिनभरि कम से कम २ लिटर पिसाव लाग्ने गरी तरल पदार्थको सेवन प्रयोग गर्नु पर्छ । हामीलाई याद हुनु पर्छ कि हाम्रो संसारमा दुई तिहाई पानी भएझैँ हाम्रो शरीरमा पनि पानीको भाग धेरै छ । संसारमा हिजोआज मांसाहारीको संख्या घट्न लागेको छ । मासु पचाउन सहज छैन, निरोगी पशुपन्छी भेटिन गाह्रो छ, बधशाला सफा छैन, मात्रा मिलाएर पकाउने फुर्सद र इन्धन छैन । अर्को कुरा, मानव शरीर हिंस्रक जीवजन्तु जस्तो जंगली र नंग्रायुक्त पनि छैन ।

बेलुका खाना पछि एक/डेढ घण्टासम्म सुत्नु हुँदैन । सुत्दाखेरि पहिले बायाँ कोल्टो र अर्को निद्रा दाहिने कोल्टो हुने गरी सुत्नु पर्छ । सुत्ने कोठाको दिशा अभिभावक भए दक्षिण, विद्यार्थी कम उमेरका, अविवाहित भए पूर्वको कोठा वा सिरानी राम्रो हुन्छ । विवाहयोग्य कन्याको कोठा वायव्य राम्रो हुन्छ । खालि पेटमा बिहान वा बेलुकाको पैदल भ्रमणले जीउ फूर्तिलो हुन्छ, खाना पच्छ र मिठो निद्रा लाग्छ । सुत्ने बेला इष्ट देव कुलदेव या आफ्नो परम्पराअनुसारका देव देवीको स्मरण गर्ने, सँधै बिहानीको पहिलो प्रहरमा स्नान, शौच सकिसक्ने पूजा कोठाबाट केही सकारात्मक ऊर्जा पनि लिने गर्नुपर्छ ।

आफूलाई जहिले पनि तनावबाट मुक्त राख्नुपर्छ । तनाव, आवेग, क्रोध मानिसका शत्रु हुन् । यी एउटै बाबुका ३ सन्तान हुन् एक पछि अर्को स्वतः आउँछन् । के पुष्टि भएको छ भने क्रोधले बिना काम शरीरको आठ प्रतिशत, तनावले बिना काम दोब्बर १६ प्रतिशत र आवेगले बिना काम शरीरको दोब्बर ३२ प्रतिशत ऊर्जालाई नष्ट गरिदिन्छ । जुन आफूसँग भएको संचित ऊर्जा कुनै उत्पादनशील कार्यमा प्रयोग गर्न सकिन्थ्यो, बिना काम रिस, आवेग र तनावमा खर्च हुन पुग्छ । विद्युत् लिग् हुँदा सर्ट हुँदा जसरी ऊर्जा खेर जान्छ, शरीरको पनि ऊर्जा त्यसरी नै खेर जान्छ रिस आवेग र तनावले ।

तनावरहित जीवनका लागि आफ्नो दिनभरिको जीवनमा गरिने कामको प्राथमिकीकरण गर्नुपर्छ । प्राथमिकताको आधारमा कामहरु सल्टाउने गर्नाले जीवन व्यवस्थित हुन्छ । जीवन अमुल्य छ, धन सम्पत्ति जस्तो फेरि पाइँदैन । कुनै पनि कामबाट निराश नहुनु निरन्तर लागि रहनु एक न एक दिन लक्ष्यमा पुगिन्छ भन्ने सोच्नु पर्छ । ठूला, बडाहरु, दिव्य महापुरुषहरुको आत्मकथा, सन्देश, प्रवचनहरु सुन्नु पर्ने कारण पनि यिनै हुन् । आत्म विश्वाश सबैभन्दा ठूलो विश्वास हो, शक्ति हो । आत्मा साक्षी राखी मन, वचन र कर्मले अरुको भलाइमा लाग्दा आफ्नो भलाइ जगतको भलाइ हुन्छ । अरुले आफ्नो हित सोचेनन् भने पनि निराश हुनु हुन्न अदृश्य शक्तिले कहीँ न कहीँबाट हेरि नै रहेको हुन्छ । ढिलो हुने नाममा हतासिएर कुनै पनि काम गर्नु हुन्न, काम ढिलो होस् तर, परिणाममुखी, लक्ष्योन्मूख होस् । यसको अर्थ परीक्षा समयमा ढिलो जानुपर्छ भन्ने होइन ।

> खानामा बढी चिल्लो, बढी पिरो, धेरै मसलेदार अनि सधैँ मांसाहार राम्रो हुँदैन । खानामा प्रोटिनयुक्त, दाल, गेडागुडी, फलफूल, सागपात, रेशायुक्त खाना, दूध र यसका परिकार भनौं शाकाहारी खानाले शरीर दीर्घजीवी हुन्छ । खाना खाँदा वा खानु अघि वा पछि धेरै पानी पिउनु राम्रो हुन्न ।

आफन्त, साथी भाइ भेटघाट, अभिवादन गर्दा पूर्वीय पद्धति नमस्कार, प्रणाम साह्रै राम्रो छ । हात मिलाउँदा हातको संक्रमणको डर हुन्छ, अंगालो हाल्दा पनि अर्कामा भएको रोग सर्ने डर हुन्छ । अस्पताल क्षेत्रमा त यस्तो काम गर्नै हुन्न । आफन्त, साथी भाई भेटघाट हुँदा अर्कोले सुन्न नचाहिकन आफ्नो कुरा धेरै भट्याउनु हुन्न । पहिले अर्कोको विचार के छ बुझ्ने प्रयास गर्नुपर्छ । त्यसको अर्थ दुवै अकमक्क भन्ने होइन । कुरा गर्दा आँखा आँखा सिधा हुने गरी गर्नुपर्छ । अर्काको शिरमाथि आँखा पुग्ने गरी कुराकानी गर्दा अरुलाई हेपेको भान हुन्छ भने अर्काको गोडातिर नुहिएर कुरा गर्दा आफू हेपिएको हुन्छ, यो अर्गनाइजेशनल बिहेवियर वा मनोविज्ञान च्याप्टरमा विद्यार्थी हुँदा पढेका हौं हामीले । बाहिरी सुन्दरताको लागि स्नान, सफा, सौन्दर्य त आवश्यक हुन्छ नै व्यवस्थित आहार विहारले बाहिरी भित्री दुवै सुन्दरता राख्छ । बाहिर मान्छे हेर्दा राम्रो र सुन्दर छ भित्र कैंचीमारा, कुटिल छ भने राम्रो हुन्न मनको सुन्दरताको लागि नित्य प्राणायाम, योगाभ्यास र सकारात्मक चिन्तन आवश्यक हुन्छ ।

बिहान ढिलोसम्म सुत्ने बेलुकी पनि ढीलो गरी सुत्नु शरीरका लागि हानिकारक छ । बेलुकी चाँडै सुत्ने बिहान पनि चाँडै अर्थात् अमृतबेलामा उठी आफ्नो नित्य कर्म सक्नुपर्छ । आफूलाई बिहानीको नवीन सौर्य ऊर्जा प्राप्त गर्न आफूनो ओछ्यान छोडी पूर्ण तयार भइसक्नु पर्छ । सुत्ने स्थान नजिक मोबाइल, टेलिभिजन, रेडियो, ल्यापटप आदि विद्युतीय सर सामग्री राख्नु हुन्न त्यसले रक्त संचार प्रणाली एवं मस्तिष्कलाई नराम्रो प्रभाव पार्छ । सुत्ने कोठामा रक्ताम्य, नांगो फोटो राख्नु हुँदैन । अश्लील चित्र, तस्बीर, आक्रामक, हात हतियार चित्रका यस्ता सुत्ने कोठामा राख्नाले सकारात्मकका सट्टा नकारात्मक ऊर्जा दिइरहेको हुन्छ । आफू भनौं शरीर सुते पनि मन सुतेको हुन्न अनावश्यक वादविवाद संवाद मनले गरिरहेको हुन्छ । सपनाहरु खराब आइरहेका हुन्छन् । सुत्दाखेरि सिधा लमतन्न परेर सुत्नुपर्छ । निद्रामा झस्कने, तर्सने, सर्प वा अन्य सपनाहरु देख्ने बानी छ भने पनि विज्ञहरुबाट राय परामर्श लिनुपर्छ ।

बिहान उठ्ना साथ तामाको भाँडोको स्पर्श गर्दा रक्त सन्तुलन हुन्छ । रक्तचाप आदिको समस्या हुन्न । तामाको जल पात्रले सूर्य अर्घ दिने, पूजाभाँडाहरु पखाल्ने, धुने, पूजा गर्नाले शरीर निरोगी हुन्छ । नेटमा, फेसबुकमा, कम्प्यूटर, मोबाइलमा धेरै झुम्मिनु पनि राम्रो होइन तर, यिनको प्रयोग गर्दा शरीर झुकाएर निरन्तर शरीर निहुराएर, वा टाउको झुकाएर गर्दा ढाड, कम्मरको दुखाइ, शरीरमा बिसन्चो धेरै हुने गर्छ । दिनभरि यस्ता काम गर्नेले वा अन्य काम एकै प्रकृतिको बसेरै गर्ने काम भए पनि हामीले केहीबेर उठेर थोरै जीउ चलाएर, हिँडेर, जीउ हल्लाएर फेरि आरम्भ गर्ने गर्नाले शरीर गल्न र ढाड कम्मरलाई धेरै समस्या आइपर्दैन ।

अर्को कुरा बिहानीको नित्य स्नानले दिनभरिको शरीरको तापक्रम सन्तुलित बनाउँछ । लघुशंका गर्दा दक्षिण फर्केर, दीर्घ शंका गर्दा उत्तर फर्केर गर्नुपर्छ । घरको शौचालयको प्यान, कमोड उत्तर दक्षिणको हुनुपर्छ, पूर्व पश्चिमको होइन । बस्दा, हिँड्दा, खाँदा, सुत्दा, बोल्दा, काम गर्दा एकदमै विचार पुऱ्याएर व्यवस्थित ढंगले गर्नु पर्छ, हिँड्दा हात अगाडि पछाडि पारेर अरुलाई वाधा नपर्ने गरी जीउ सिधा पारेर हिँड्ने गर्नु पर्छ । अरुलाई छोइदा वा सामान्य धक्का लाग्यो भने पनि मलाई माफ गर्नोस्, गल्ती भयो भनिहाल्नु पर्छ । पैदलमा वा परिवहनमा अरुलाई धक्का लाग्यो भने सरी भनिहाल्नु पर्छ । विदेशमा आइएमसरी, एक्सक्यूज मी बडो सस्तो हुन्छ हामीकहाँ धेरै महँगो छ । कसैले केही वा सानै भए पनि सहयोग गर्दा तुरुन्तै धन्यवाद दिन बिर्सनु हुन्न कृतज्ञ हुनका लागि ।

## सामाजिक सञ्जाल



**- निर्मल भण्डारी**

सलाम छ मन्त्री प्रेम आलेलाई । नारायणहिटी दरबार संग्रालय कौडिका भाउमा भाडामा दिनेलाई गतिलो झापट दिनु भएको छ बतासलाई हावा ख्वाईदिएर । संग्रालयमा पनि व्यापार गर्ने ? यसका विरूद्धमा राम्रो निर्णय हो सलाम छ मन्त्री ज्यु । दलाल र माफियाका विरूद्ध यो सलाम योग्य निर्णय हो ।



**- प्रदिप भट्टराई**

देउवाको श्रीमति सल्लाहकार रहेको बतास समूहले नारायणीहिटिमा रेस्टुरेन्ट चलाउन लागेका रैछन्, संग्रहालयमा पुरातन बस्नु हेर्ने कि मःम खाने ठाउँ हो भन्दै मन्त्री आलेले रोक लगाएछन् । आरजुले एकपटक हकार्ने बित्तिकै खुलाउने छन् । कुनै निर्णय नगरि बिरोधलाई थापथुम पार्न रचिएको यो नाटक होला कि ?



**- पुरूषोत्तम दुंगेल**

पार्टीमा युवाहरूको भूमिका भनेको आगामी दिनमा पार्टीलाई नेपाली जनताले पूर्णरूपले नकारात्मक नसोचुन् भनेर उभ्याएइको मूर्ति हुन । नेताका श्रीमतीको योगदान वंश बढाउन मात्र हो तर, पार्टी केन्द्रीय सदस्य, पार्टीलाई योगदान दिनेहरू दुधबाट झिँगा फाले झै फालिन्छन् । युवाहरू मुकदर्शक पानी मरूवा युवा ।



**- खगेन्द्र संग्रौला**

सर्वाधिकारी अध्यक्ष प्रचण्ड उर्फ पुष्पकमलले आफूले आफैंलाई चुनेर आवाज विहीन भक्त भक्तिनीहरूलाई आदेश दिएछन् –लौ सर्वसम्मतिले मलाई चुन ! भक्त भक्तिनीगणको अन्धमतियुक्त करतल ध्वनीसँगै अध्यक्षले घोषणा गरेछन्– लोकतान्त्रिक विधिले माकेको निर्वाचन सम्पन्न भयो । बस्,जङ्गेले भनेपछि भयो-भयो !



**- बाबुलाल भण्डारी**

कांग्रेसको भोलिको पार्टी सभापति आरजु राणाजी अहिलेका सभापति र प्रधानमन्त्री देउवाको प्रोटोकलमा विवादित मानिएको भारतको गुजरात भ्रमणको तारतम्य मिलाउन राजनैतिक भेटघाटका लागि दिल्लीमा हुनुहुँदो रहेछ ।

# बदलिँदो विश्व राजनीति र क्रान्तिकारीको कार्यभार

**विश्व**



● इश्वर तिमिल्सीना

> सबैखाले साम्राज्यवादी स्वार्थपरक दाउपेचका विरुद्ध संघर्ष गर्दै स्वाधीन, स्वतन्त्र र जनवादी क्रान्तिका कार्यभार सम्पन्न गर्ने दिशातिर अग्रसर गराउनु आजको महत्वपूर्ण मुद्दा हो । क्रान्तिकारीहरु बदलिँदो विश्व राजनीतिबारे थप स्पष्ट हुन आवश्यक छ ।

शीतयुद्धको अन्तिम समय झण्डै ३० वर्ष एकछत्र राज गरेको अमेरिकी साम्राज्यवाद अर्थात् एक ध्रुवीय विश्व अब क्रमशः बहुध्रुवीय हुँदैछ । कतिपय मानिसले भनेझैं आजको युग चौथो औधोगिक क्रान्तिको युग र प्रबिधिको युग मात्रै नभएर मुलतः साम्राज्यवाद र सर्वाहारा क्रान्तीको युगको रुपमा परिभाषित गर्नु सान्दर्भिक हुन्छ । वर्तमान विश्वमा विकसित हुँदै गइरहेका परिघटनालाई हामीले प्रबिधि र वस्तु उत्पादनको तिब्रता र बजारिकरणका निम्ति गरिने प्रतिस्पर्धाका आधारमा मात्रै होइन बरु सस्ता श्रम-कच्चापदार्थको लुटका साथै एकाधिकारका निम्ति गरिने हिंसात्मक कारबाहीको चरीत्र बुझ्न आवश्यक हुन्छ ।

आतंकवाद विरोधी युद्धका नाममा २० वर्षदेखि अफगानिस्तान कब्जा गरेर बसेको अमेरिकी साम्राज्यवाद अन्ततः आफ्नो सेना फिर्ता गर्न बाध्य भएको छ । युद्धको बाहाना जे भनिए पनि अफगानिस्तानको प्राकृतिक साधन स्रोत कब्जा गर्ने र सो देशमा आफ्नो कठपुतली सरकार स्थापना गर्ने अमेरिकी नीतिकै निरन्तरताको रूपमा अमेरिकीहरू आएको र सो देशको साधन स्रोतको लूट र त्यसका निम्ति गरिएको लगानीको प्रतिफल सन्तोषजनक नहुनुको परिणामस्वरूप आफ्ना कठपुतलीहरुको बिल्लिबाठ र भागाभाग बनाउँदै अमेरिकीहरू फर्किनुले साम्राज्यवादको पराजयको संकेत गर्दछ ।

अमेरिका, अस्ट्रेलिया र बेलायतबिच आर्टिफिसियल इन्टेलिजेन्स, क्वाण्टम टेक्नोलोजी र साइबरसँग सम्बन्धित सम्झौता 'ओकस' सम्पन्न गरेका छन् । चीनको बढ्दो दवाबको सामना गर्न भनेर गरिएको यो त्रिदेशीय सम्झौताले परमाणु उर्जाबाट चल्ने पनडुब्बी बनाउने बाटो खुल्ला गरिदिएको छ र अष्ट्रेलियाको सैन्य शक्तिको वृद्धिमा यसले महत्वपूर्ण भुमिका खेल्नेछ ।

यो सम्झौता पछि फ्रान्ससँग अस्ट्रेलियाले गरेको ५० अर्ब अष्ट्रेलियन डलर बराबरको १२ वटा पनडुब्बी खरिद गर्ने २०१६ को सम्झौता समेत रद्द गरेको छ । चीनले भने यो सम्झौताको बिरोध गरेको छ र यसलाई शीतयुद्धकालिन मानसिकता भनेको छ । साथै तियानम्यान स्क्वायरमा भएको एक कार्यक्रममा बोल्दै चीनियाँ राष्ट्रपतीले बिदेशी शक्तिले धम्क्याउन खोजे तिनको टाउकोमा प्राहर हुने बताएका छन ।

हिन्द प्रशान्त क्षेत्रमा चीनको प्रभावलाई कम गर्न वा विस्तारित हुन नदिन अमेरिका, भारत, अष्ट्रेलिया र जापानबीचको गठबन्धन 'क्वाड'को नियमित बैठक तथा छलफलले यस क्षेत्रमा विकसित हुँदै गइरहेको प्रतिस्पर्धा र तनाब झन चर्कदै जाने कुराको संकेत गर्दछ । सन् २०२१ को अन्तिम तिर अमेरिकी राष्ट्रपति जोन बाइडेन र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनबीच फोन वार्ता भएको छ ।

अमेरिका र रुसबिचका आपसी चासोका साथै युक्रेनको समेत विषयलाई लिएर झण्डै एक घण्टा लामो भएको भनिएको सो वार्तामा युक्रेनको मुद्दामा समेत विवाद भएर एक अर्कालाई धम्की दिएको सार्वजनिक भैसकेको छ । आफ्नो सिमाना नजिक रुसी पक्षले झण्डै एक लाख सेना परिचालन गरेको विषयलाई लिएर युक्रेनले चिन्ता जाहेर गरिरहेको बेला भएको यो वार्तामा भएको परस्पर धम्कीले उनीहरु बिचमा बढ्दै गएको भूराजनीतिक स्वार्थको समेत स्पष्ट चित्र देखा पर्दछ ।

अन्तरसाम्राज्यवादी अन्तरविरोध चर्कदैं गईरहेको अब सतहमा देखा परिसकेको छ । अमेरिकी-बेलायत, फ्रान्स-जर्मन र चीन-रुस वैश्विक नीतिका आधारित तीन ध्रुवीय विश्व निर्माणले तिब्रता लिदै गैरहेको देखिन्छ । साथै चीन, अमेरिका र भारतीय स्वार्थ र रुचीहरुको त्रिपक्षिय तानातानको प्रभाव नेपाल लगायत दक्षिण एसियाली क्षेत्रमा समेत पर्ने र त्यसले आगामी भूराजनितीक थप जटिलता तिर नयाँ ढंगले विकसित हुँदै जाने परिदृश्यबारे ध्यान दिन पर्ने देखिन्छ ।

अन्त्यमा, साम्राज्यवादको विशेषता भनेको उत्पादनको केन्द्रीकरण र विकासको उच्चतम अवस्थामा सिर्जित हुने एकाधिकार, एकाधिकारवादी संघमार्फत कच्चा पदार्थमाथि कब्जा, औद्योगिक र वित्तीय पूँजीमाथि केन्द्रीकरण र नियन्त्रणमार्फत सिर्जित परनिर्भरता र त्यसको बलमा गरिने दोहनका साथै बजार कब्जाका लागि सिर्जना गरिने राजनीतिक तनाब र युद्ध मुलतः युद्ध हुन । एमसीसी जस्ता परियोजनामार्फत नेपाल र भु-राजनीतिक महत्वका मुलुकहरूमा अमेरिकी साम्राज्यवादद्वारा अगाडि सारिएका कार्यक्रमबारे गम्भीरतापुर्वक अध्ययन गर्नुभन्दा पहिले आजको पूँजीवादले कुन स्तरमा आफ्नो गतिलाई बढाइरहेको छ र त्यसले तय गर्ने गन्तव्य बारे बिमर्श गर्नु महत्वपूर्ण हुन्छ । यहाँ लेनिनले परिभाषा गरे झैँ आजको 'साम्राज्यवाद मरणासन्न पूँजीवादको घोतक हो ।' लुटका निम्ति गरिने अन्तर्साम्राज्यवादी प्रतिस्पर्धाका साथै सामरिक तयारी पनि हो । अतः सबैखाले साम्राज्यवादी स्वार्थपरक दाउपेचका विरुद्ध संघर्ष गर्दै स्वाधीन, स्वतन्त्र र जनवादी क्रान्तिका कार्यभार सम्पन्न गर्ने दिशातिर अग्रसर गराउनु आजको महत्वपूर्ण मुद्दा बनेको छ । क्रान्तिकारीहरु बदलिँदो विश्व राजनीतिबारे थप स्पष्ट हुन आवश्यक छ ।

## भारतमा ओमिक्रोन फैलँदै

# दिल्लीमा हप्ताको दुई दिन कर्फ्यू




**काठमाडौं/एजेन्सी–** भारतको दिल्लीमा कोभिड-१९ का संक्रमित बढ्दै गएपछि प्रतिबन्धात्म नियममा थप कडाइ गरिने भएको छ। दिल्लीमा सप्ताहन्त अर्थात् शनिबार र आइतबार कर्फ्यू लगाइने भएको छ। शुक्रबार राति १० बजेदेखि सोमबार बिहान ५ बजेसम्म कर्फ्यू जारी रहने छ।

यसबाहेक, दिल्ली सरकारले सरकारी कार्यालय बन्द गर्ने फैसला समेत गरेको भारतीय समाचार माध्यमले जनाएका छन्। यस क्रममा सरकारी कर्मचारीले घरबाटै वा अनलाइनमा काम गर्नुपर्ने भएको छ।

त्यस्तै, दिल्लीमा शतप्रतिशत क्षमतामा मेट्रो र बस सञ्चालन गर्ने निर्णय समेत भएको छ। बस स्टेशनमा यात्रुको भीड नहोस् भनेर पूर्ण क्षमतामा सञ्चालन गर्ने निर्णय हो। तर मेट्रो र बसमा यात्रा गर्दा मास्क अनिवार्य लगाउनु पर्नेछ। यसअघि त्यहाँ कोभिड-१९ को बढ्दो संक्रमणबीच मेट्रो र बसमा यात्रा गर्नेको संख्या सीमित पारिएको थियो।

दिल्लीका उप-मुख्यमन्त्री मनिष सिसोदियाले ओमिक्रोनका संक्रमित अस्पताल भर्ना हुनुपर्ने अवस्था नआएको र यो भेरियन्टका लक्षण सामान्य भएकाले योभन्दा कडा प्रतिबन्ध लगाउन आवश्यक नदेखिको बताए। तर शनिबार र आइतबार अत्यावश्यक काम बाहेक घरबाहिर ननिस्किन समेत सिसोदियाले आग्रह गरेका छन्। 'म सबैलाई आकस्मिक अवस्थामा बाहेक शनिबार र आइतबार घरबाहिर ननिस्किन आग्रह गर्दछु', उनले भने।

पछिल्लो समय दिल्लीमा कोभिड-१९ का संक्रमित बढिरहेका छन्। त्यहाँ सोमबार ४ हजार ९९ जना नयाँ संक्रमित थपिएका छन्। त्यहाँ नयाँ ओमिक्रोन भेरियन्टका संक्रमितको संख्या ३५१ पुगेको छ।

यसैगरी भारतमा गत २४ घण्टामा कोरोना भाइरसबाट थप ३७ हजार ३७९ संक्रमित भएका केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ। यसैसँगै भारतमा कोरोना शुरु भएदेखि हालसम्म तीन करोड ४८ लाख ८ हजार ८८६ जना संक्रमित भएका छन्। गत २४ घण्टामा भएका संक्रमित मध्ये एक हजार ८९२ जना भने ओमिक्रोन भेरियन्टका संक्रमित रहेका पनि समाचारमा जनाइएको छ। ती मध्ये पनि ७६६ जना भने निको भएका छन्। सोही अवधिमा थप १२४ जनाको कोरोना संक्रमणका कारण मृत्यु भएको छ। यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको संख्या चार लाख ८२ हजार १७ पुगेको मन्त्रालयले थप जानकारी दिएको छ।

भारतमा अहिले संक्रमित अवस्थामै रहेकाको संख्या एक लाख ७१ हजार ८३० रहेको छ। अहिले संक्रमित अवस्थामै रहेकाको संख्या कूल संक्रमितको संख्याको ०.४९ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ। गएको २४ घण्टामा भारतमा एघार हजार ७ जना कोरोनाबाट मुक्त भएका छन्। यसैसँगै कोरोना शुरु भएयता हालसम्म तीन करोड ४३ लाख ६ हजार ४१४ जनालाई कोरोना संक्रमण निको भएका छन्। भारतमा कोरोना भाइरस निको हुने दर ९८.१३ प्रतिशत रहेको जनाइएको छ।

भारतमा कोरोना शुरु भएदेखि हालसम्म ६८ करोड २४ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयदेखि हालसम्म एक अर्व ४६ करोड ७० लाख भन्दा बढी डोज खोप लगाइएको जनाइएको छ।

# सुडानको हिंसाको संयुक्त राष्ट्रसंघद्वारा निन्दा

**काठमाडौं/एजेन्सी–** संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटर्रेसले सुडानमा भएको हिंसाको निन्दा गरेका छन्। उनले सुडानमा निरन्तर रुपमा बढ्दै गएको प्रदर्शनकारीमाथिको हिंसाको निन्दा गरेका हुन्। सुडानमा सरकारको विरुद्धमा विगत लामो समयदेखि प्रदर्शन जारी रहेको छ। सो प्रदर्शनका विरुद्धमा प्रहरीले प्रदर्शनकारीमाथि आक्रमण गरिरहेका छन्।

सुडानमा आन्दोलनका क्रममा भएको हिंसाको विरोध गर्दै महासचिव गुटर्रेसले प्रहरीलाई संयमता अपनाउन आग्रह गरेका छन्। उनले भनेका छन्- 'यो प्रदर्शनका क्रममा कैयौं व्यक्तिको ज्यान गएको छ, प्रहरीले नागरिकको शान्तिपूर्ण रुपमा भेला हुने र आफ्ना असहमतिका विषयमा शान्तिपूर्ण रुपमा प्रदर्शन गर्न पाउने अधिकारको सुरक्षा गर्नुपर्छ।'

महासचिवका प्रवक्ता स्टेफान डुजारिकले यस्तो अवस्थामा सुडानमा शान्तिपूर्ण रुपमा राजनीतिक निकासको खोजी गर्न आग्रह गरिएको छ। सुडानको राजनीतिक अवस्था निकै संकटपूर्ण अवस्थामा पुगेको बताइएको छ। साथै महासचिव गुटर्रेसले सुडानका सबै राजनीतिक शक्ति र पार्टीहरुलाई शान्तिपूर्ण वार्ताको टेबुलमा बसेर निकास खोज्ने काममा लाग्न पनि आग्रह गरेका छन्।


**नाम र ठाउँ परिवर्तन सम्वन्धी सूचना**

साविक नाम ओसीस ईन्टरनेशनल ल्याङ्गवेज सेन्टर प्रा.लि. ठेगाना काठमाण्डौं महानगरपालिक - १३, कालिमाटीमा रहेको संस्था हाल टुथ अड्भाईजर एजुकेशन कन्सल्टेन्सी प्रा.लि. ठेगाना काठमाण्डौं महानगरपालिका - २८ बागबजार काठमाण्डौंमा रहेको जानकारी गरिन्छ।



**Bahrain मा रोजगार** | **Blue Swimming Crab Factory For Preserving Fish**

पुर्व स्वीकृती मितिः २०७८/०९/१९ | चलानी नं.: ६०१७१९६५ | LT No.: 255253

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 50 | साधारण | 100 | ३१,५९७।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु. १,५००।- कामदारले आफैंले | रु. ७००।- कामदारले आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०७८ पौष २८ गते (12 Jan., 2022) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफूसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७४१/०६४/०६५


## खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

**शाखा कार्यालय, वीरगंज**

**धान कुटानी सम्बन्धी दरभाउपत्रको सूचना**

**प्रकाशित मिति २०७८/०९/२१**

यस कार्यालयले खरिद गरेको र गर्दै जाने सोना मंसुली धान र जिरा मसिनो धान कुटानी गर्नु पर्ने भएकोले स्थायी लेखा नं. वा मूल्य अभिबृद्धि कर मा दर्ता भएको इच्छुक फर्म संस्था वा कम्पनीले मात्र सहभागी हुने गरि आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र वा पूनः २०७८/०७९ को लागि म्याद थप भएको प्रमाणपत्रको फोटोकपि, सम्वन्धित कारोवारको अनुभव पत्र र घोषणा पत्र संलग्न राखि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वक गोप्य शिलबन्दी दरभाउपत्र आहवान गरिन्छ।

१. कम्पनीको प्रधान कार्यालय खरिद विभाग र यस शाखा बीरंगजबाट फिर्ता नहुने गरी रु १०००।- रकम दाखिला गरी दरभाउपत्र फारम र सो सम्बन्धी कागजात सेट खरिद गर्न सकिनेछ।

२. कम्पनीले कुटानी गर्ने धानको किसिम, कुटानी परिमाण, बुझाउनुपर्ने चामल तथा बोराको गुणस्तर र बुझाउनु पर्ने स्थान, धरौटी रकम, दरभाउपत्र दस्तुर निम्न तालिकामा तोकिए बमोजिम हुनेछ।

| सि.नं. | धानको प्रकार | कुटानी गर्नुपर्ने परिमाण (क्वी.) | धान कुटानी गरी बुझाउनु पर्ने चामल र बोराको गुणस्तर | बुझाउने स्थान | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | सोना मंसुली धान | १५००० | दरभाउपत्र सेटको अनुसुची १ बमोजिम चामल र अनुसुचि २ बमोजिम प्लाष्टिक बोरा बुझाउनु पर्ने | कम्पनीको गोदाममा | १,२३,७५०।- | १,०००।- |
| २ | जिरा मसिनो धान | ३००० | | | | |

**नोट :-** *माथि तोकिएको धानको परिमाण कम्पनीको आवश्यकता अनुसार थपघट हुन सक्नेछ। सो भएमा सोही अनुसार कुटानी गर्नुपर्ने छ।*

३. दरभाउपत्र दाताले कम्पनीले तोकेको न्यूनतम प्रतिलब्धि चामल र सम्पुर्ण कर सहितको अधिकतम कुटानी ज्याला कवोल गर्नुपर्ने छ।

४. दरभाउ दाताले दरभाउपत्रमा तोकिए वमोजिमको धरौटी रकम यस कम्पनीको श्री नेपाल बैंक लि. श्रीपूर शाखा वीरगंजमा रहेको च.हि.नं. **०४५००१००३१४७५३००००01** जम्मा गरेको सक्लै भौचर वा क वर्गको वाणिज्य बैंकबाट यस कम्पनीको नाउमा जारी भएको नियमानुसारको बैंक जमानी पत्र पेश गर्नुपर्ने छ।

५. यो सूचना प्रकाशित मितिले १५ औं दिन अर्थात २०७९।१०।५ सम्म दरभाउपत्र खरिद गरि दरभाउ दाता वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वकको सहिछाप तथा शिलबन्दी गरि १६ औं दिन अर्थात २०७८।१०।६ गते, दिउसो १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ। समय नाघि आएको दरभाउपत्र स्वीकार गरिने छैन। पेश हुन आएका दरभाउपत्र सोही दिन अर्थात २०७८।१०।६ गते दिउसो २:०० बजे यस शाखा कार्यालयमा खोलिने छ।

६. स्वीकृत दरभाउपत्र दाताले स्वीकृत भएको जानकारी पाएको ७ दिन भित्र नियामानुसार कार्य सम्पादन जमानत पेश गरि सम्झौता गर्नुपर्ने छ। निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुने छ।

७. दरभाउपत्रको मान्य हुने अवधि दरभाउपत्र पेश गर्ने अन्तिम मितिले ४५ दिनको हुने छ। दरभाउपत्र आंशिक वा पूर्ण रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कम्पनी तथा प्राथमिक खरिद कमिटिमा सुरक्षित रहने छ।

**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि.**
**शाखा कार्यालय वीरगंज, फोन नं. ०५१-५२२८५५**


**साउदीमा रोजगारको अवसर** | कम्पनीः **ALSADRA ADVANCED FACTORY FOR METALS**
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०९/२० | चलानी नं.: ६०१७२०२२ | LT. No.:255550

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ५६,८२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ पुस २८ गते (12 January 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT. LTD.**
Lic No. 1128/073/074
Sinamangal-09, Tara Hall Chowk, Kathmandu, Tel: 01-4110567 Mob. No. 9841769830, 9851126004
E-mail: info@succesnepalhr.con, successnepalhr@gmail.com, Web.: www.successnepalhr.com


## दोरम्बा शैलुङ गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**टोकरपुर, रामेछाप**
**बागमती प्रदेश, नेपाल।**

### प्राविधिक सहायक करारमा पदपुर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/२१)**

प्रस्तुत बिषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) पत्र संख्या ०७८/७९ च.नं. १४४ को पत्रानुसार यस दोरम्बा शैलुङ गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आबश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नारिकले १५ दिन भित्र माग बमोजिमको विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१/०७८/०७९ | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. **आबश्यक न्यूनतम योग्यता र अनुभव :**
   (क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतिर्ण भएको
   (ख) **अनुभव र सीप** : प्राविधिक सहायकमा देहायका अनुभब र सीप आबश्यक पर्नेछ :-
   - कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको,
   - पूर्वाधारको निर्माण र मर्मतको लागि आयोजनाको लागत अनुमान, सुपरीबेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने, पारस्परिक सम्बन्ध सम्बन्धी सीप सहित कम्तीमा ६ महिनाको अनुभव भएको।

   (ग) **उमेर** : कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

२. **दरखास्त दिने स्थान** :- दोरम्बा शैलुङ गाउँपालिकाको कार्यालय टोकरपुर, रामेछाप।
३. **दरखास्त दिने अन्तिम मिति** :- २०७८/१०/०३
४. **आवेदन दस्तुर** :- रु ५०० (अक्षरेपी पाँच सय) मात्र।
५. **छनौटको किसिम** :- प्रारम्भिक योग्यता क्रमको सूची प्रकाशन र लिखित परिक्षा
६. **आवेदनका साथ संलग्न कागजातहरु** :- आबेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
   - नागरिकता
   - न्यनतम योग्याताको लब्धांक प्रमाणपत्र
   - चारित्रिक प्रमाणपत्र
   - अनुभव खुल्ने कागजात
   - २ प्रति पासपोर्ट आकारको फोटो

७ **सेवा सुविधा** :- गाउँपालिका तथा नगरपालिका प्राविधिक सहायक पदपूर्ति सम्बन्धी प्रकृयाको दफा (११), (१२) र (१३) बमोजिम हुनेछ।

**नोट** :- आबेदनको ढाँचा र प्राविधिक सहायकको कार्यविवरण लगायतको अन्य जानकारी www.pmep.gov.np मा उपलब्ध छ।

**धिराज मरासेनी**
**प्रमुख प्रशासकीय अधिकृत**

## INVITATION FOR BIDS

### Phungling Municipality

**Office Of Municipal Executive**
**Taplejung**

**Invitation for Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: PMTPJ/FEB/2078/079-14**

**First Date of Publication: 2078/09/21(5th January 2022)**

1. The Government Nepal ( GoN) has allocated TB-SWAp funds to Phungling Municipality For Trail Bridge Program and the Municipality intends to apply the funds to cover eligible payments under the contract for supply of fabricated steel parts for Trail Bridge. Bid is open to all eligible Nepalese Bidders.
2. The Phungling Municipality invites electronic bids only from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years are eligible for the bidding. New fabricators may also apply in joint venture with an eligible fabricator having the required experience. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the minimum requirements.
4. Eligible Fabricator may obtain further information and inspect the bidding documents at Phungling Municipality, Taplejung Mob No. 9862668298, 024-460113, e-mail – enfo@tapljungmun.gov.np or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp
5. Bidding documents may be purchased from PPMO's e-GP system www.bolpatra.gov.np/egp, or **www.bolpatra.gov.np** by eligible Fabricator, Information to deposit the cost of bidding document in Bank.
   **Name of Bank: Nepal Bank Limited, Taplejung Branch**
   **Name of Office : Phungling Municipality Office, Taplejung**
   **Last date of purchase of bidding document from the online on 2078/10/20 at office time. 30 days from the first date of publicationof this notice.**
   **Account No. 06203000001001000002 ( Antarik Rajaswa Khata)**
6. Bids must be submitted through e-GP system www.bolpatra.gov.np/egp, before **12:00 Hrs. noon on. 2078/10/20** Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Fabricator' representatives who choose to attend at Phungling Municipality, Office of Municipal Executive, Taplejung at **13:00** Hrs on **2078/10/22.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of 2.5 % of the quoted Bid amount (inclusive of VAT),** which shall be **valid for 30 days** beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit in the Phungling Municipality Office, Taplejung, **Account No. 06203000003000000002 Dharauti** at Nepal Bank Limited, Taplejung Branch and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs With VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road heads of Kerabari & Khokse Khola Trail Bridge | 3499608 | 90000 | 3000 |

10. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

# बक्स अफिस समाचार

## पुष्करको निर्देशनमा हिन्दी वेब सिरिज



**काठमाडौं/मस–** एक समय नेपाली फिल्ममा खलपात्र (भिलेन) को भूमिकामा अत्याधिक रुचाइएका कलाकार हुन्, पुष्कर भट्ट । रुपरंग र जिउडालले पनि उनलाई भिलेनको भूमिका निर्वाह गर्न साथ दिएको थियो । 'भागी भागी नजाउ, अग्नि ज्वाला, गंगाजल, बाटुली, दोस्ती, फैसला, हिम्मतवाली' लगायत एक सय बढी फिल्ममा अभिनय गरेका उनले दुई दर्जन बढी भोजपुरी फिल्ममा पनि काम गरेका छन् ।

विगत केही वर्षदेखि क्यानडालाई कर्मथलो बनाउँदै आएका पुष्करले आफ्नो कलाकारिता यात्रालाई भने पूर्णविराम लगाएका छैनन् । नेपाल आउने क्रममा फिल्ममा अभिनय गर्दै आएका उनी अब आफ्नो परिचयको दायरा फराकिलो बनाउँदैछ । अभिनयमा प्रमाणित गरिसकेका उनले निर्देशनमा फड्को मारेका छन् । उनले हिन्दी गीतको म्युजिक भिडियो निर्देशन गरेका हुन् । उनी निर्देशित 'जिल्ला मुरादाबाद' गीतको म्यूजिक भिडियो अंग्रेजी नयाँ वर्षको अवसर पारेर सार्वजनिक भएको छ । गायक प्रिन्स आनन्दको स्वर र शब्द रहेको गीतमा द किंगले संगीत भरेका छन् । भिडियोमा पुष्कर भट्ट आफैं फिचर छन् । भिडियोको सुरुवातमा फिल्मको झैं कथा बुनिएको छ । राजनीतिक दाउपेचको कथा उठाइएको भिडियोमा पुष्कर भिलेनको भूमिकामा प्रस्तुत छन् ।

भिडियोमा उनीसँगै भारतीय मुलका कलाकारहरु सुखविंदर सिंह जसल, जगदीप बावा, परम हंस, गुलकरण सिंह र सलमान काजमीको पनि अभिनय छ । यूट्युब रिलिजको दुई दिनमा दुई लाखको आसपास भ्यूज बटुलेको गीतको भिडियोलाई दर्शकबाट सकारात्मक प्रतिक्रिया मिलेको छ । पहिलो निर्देशित म्यूजिक भिडियोलाई मिलेको प्रतिक्रियाबाट आफू उत्साहित भएको पुष्करले बताए । गीतलाई दर्शकले रुचाएपछि पुष्करसहितको टिमले म्यूजिक भिडियोमा उठान गरेको कथामाथि वेब सिरिज बनाएको छ । ओटीटी प्लेटफर्म अमेजन प्राइममा रिलिज गर्ने उद्देश्यसहित निर्माण गरिएको वेब सिरिजलाई पुष्कर स्वयंले निर्देशन गरेका छन् भने मुख्य भिलेनको भूमिकामा उनी आफैं प्रस्तुत भएका छन् । ५ भागको वेब सिरिज बनाउन ठूलो खर्च भएको उनले जानकारी दिए ।

वेब सिरिजको बारेमा जानकारी दिँदै पुष्करले भनेका छन्, 'म्यूजिक भिडियोमा मैले जुन कथा उठाएको छु, त्यसैमाथि वेब सिरिज बनाएका छौं । केही दिन अगाडि मात्र वेब सिरिजको ५ वटा भाग क्यानडामा छायांकन भएको छ । अब त्यसको सम्पादन कार्य सकेर अमेजनलाई पठाउने तयारीमा छौं । अमेजनले मन पराएको खण्डमा वेब सिरिजको अन्य भागहरु पनि निर्माण हुनेछ ।'

'जिल्ला मुरादाबाद' गीतका गायक प्रिन्स आनन्दले नै वेब सिरिजको निर्माणसँगै मुख्य नायकको रुपमा अभिनय गरेका छन् । क्यानडामा व्यापार व्यवसायको क्षेत्रमा ठूलो साम्राज्य बनाएका उनले नेपाली कलाकारसँग सहकार्य गर्न पाउँदा खुसी व्यक्त गरे । उनले भने- 'पुष्कर जीसँग म्यूजिक भिडियोपछि वेब सिरिजमा सहकार्य गर्न पाएँ । चाँडै अरु काममा पनि हामीबीच हातेमालो हुनेछ ।'

कलाकार भट्ट सन् २०२० मा महंगो गाडीमा पर्ने 'लङम्यान्स् किया' मोटरको क्यानडा ब्रान्ड एम्बास्डरमा नियुक्त भएका थिए । नेपाली कलाकारको यो सफलता देखेर प्रिन्स आनन्दले आफ्नो टेलिभिजन 'विएम प्राइम' मा उनलाई अन्तर्वार्ताका लागि बोलाएका थिए । त्यसै क्रममा उनीहरुबीच चिनजान भएको थियो । पुष्करले प्रिन्स आनन्दसँग चाँडै अन्य कार्यमा पनि सहकार्य हुने बताए ।

## 'रेलको बाटो' नाममा फिल्म बन्ने

**काठमाडौं/मस–** गीत 'रेलको बाटो' नाममा फिल्म निर्माण हुने भएको छ । मोडल जीबी चिरनले अहिले फिल्मको स्क्रिप्ट लेखनमा काम भइरहेको र केही दिनमा चलचित्र विकास बोर्डमा नाम दर्ता गर्ने जानकारी दिए । उनी आफैंले फिल्मको स्क्रिप्ट लेखिरहेका छन् । विन्दास प्रोडक्सनको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा जीबी स्वयंले मुख्य भूमिकामा अभिनय गर्नेछन् ।

फिल्ममा निर्देशक र अन्य कलाकार छनोट हुन बाँकी रहेको जीबीले बताए । उनले भने, ' निर्देशकको बारेमा टिमभित्र छलफल भइरहेको छ । केही दिनमा निर्देशक फाइनल गरेर फिल्मको नाम दर्ता गर्नेछौं । फिल्ममा मुख्य कलाकार भने थिएटरबाट धेरै हुने सम्भावना छ ।' चलचित्र विकास बोर्डमा नाम दर्ता गरेपछि एक कार्यक्रमका बीच फिल्मको घोषणा गर्ने तयारीमा निर्माण टिम छ ।

सरकारले रेलको सपना बाँडिरहँदा कर्णालीमा बसोबास गर्ने मानिसहरुको पीडा कति गहिरो र दर्दनाक छ भन्ने कुरा 'रेलको बाटो' गीतको भिडियोमा देखाइएको छ । सडक यातायातले नछोएको देशको एक मात्र दुर्गम जिल्ला हुम्लामै गएर भिडियोको छायांकन गरिएको थियो । गीतको शब्द उस्तै मार्मिक छ । फिल्ममा पनि कर्णालीकै कथा र व्यथा समेटिने जीबी चिरनले जानकारी दिए ।



### लिखु गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**यसम, ओखलढुंगा**
**प्रदेश नं. १, नेपाल**

**करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८।०९।२१**

